UNITED NATIONS
MISSION IN NEPAL

UNMIN

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

**प्रेस विज्ञप्ति**
**११ असार २०६४ [२५ जुन २००७]**

## अन्मिन संविधानसभा चुनावको मितिको घोषणाको स्वागत गर्दछ

नेपालको संविधानसभा चुनावको मिति यसै वर्ष मंसिर ६ गते [२२ नोभेम्बर २००७] तोकिएको घोषणाको अन्मिन स्वागत गर्दछ । शान्ति प्रक्रियामा यो एक महत्वपूर्ण कदम हो र यसले लोकतान्त्रिक तवरमा संविधानसभाको गठन गरी जनतालाई दिएको ऐतिहासिक वाचा पूरा गर्न मिलेर काम गर्न राजनीतिक दलहरू प्रतिबद्ध रहेको कुरा जनाउँछ ।

नेपालमा अन्मिनको उपस्थिति र यसको कामका सबै पक्षहरुको उद्देश्य यस चुनावको लागि स्वतन्त्र र निष्पक्ष वातावरणको सिर्जना गर्न मद्दत पुऱ्याउनु हो, र यो उद्देश्य पूरा गर्न अन्मिन एकदमै प्रतिबद्ध छ । अहिले चुनावको मिति घोषणा भएको अवस्थामा स्वतन्त्र र निष्पक्ष निर्वाचनमा आइपर्ने गम्भीर चुनौतीहरूलाई संबोधन गर्न सबै पक्षहरू प्रतिबद्ध हुन नितान्त आवश्यक छ । मिति तोक्न आवश्यक छ तर त्यति मात्र पर्याप्त छैन । अब दलहरूले प्रबन्ध र प्राविधिक एवं राजनीतिक र सुरक्षालगायत विभिन्न पक्षहरूमा एकैसाथ प्रगति गर्न एउटा व्यवहारिक योजना र समय-तालिका अघि सार्न जरूरी छ ।

निर्वाचन प्रणाली निर्धारण गर्ने विधायिका अन्तरिम व्यवस्थापिका संसदद्वारा पारित भइसकेको र अहिले निर्वाचनक्षेत्र निर्धारण आयोगको प्रतिवेदनको पुनरावलोकन गर्ने म्याद २१ दिन थपिएको अवस्थामा अन्तरिम सरकारले ऐतिहासिक रुपमा सिमान्तीकृत मधेसी, जनजाति, दलित, महिला र अन्य समूहहरूसँग ठोस वार्ता जारी राख्न अत्यन्त जरुरी छ । निर्वाचन प्रणालीमा सबै मतदाता समूहहरूको बृहत् सहमति भएको कुरा सुनिश्चित गर्न सो वार्ता अति आवश्यक छ ।

सार्वजनिक सुरक्षा अझैपनि गम्भीर चुनौतीको विषय रहेको छ । यसको लागि चुनावको समयमा मात्र सुरक्षाको योजना पर्याप्त नभई सबै जिल्ला र गाउँहरुमा दलहरुलाई आइन्दाका गतिविधिहरु भयरहित र हिंसामुक्त वातावरणमा संचालन गर्ने अवस्था सिर्जना गर्न पनि जरुरी छ ।

शान्ति प्रक्रियाको कार्यान्वयनमा एउटा पूर्णरुपमा स्वतन्त्र राष्ट्रिय अनुगमन निकाय आवश्यक भएको कुरामा अन्मिनले सधैँ जोड दिँदै आएको छ । संयुक्त राष्ट्रसंघलाई नेपाल सरकार र माओवादीले गरेको अनुरोधको मूल तत्व युद्धबिराम व्यवस्थापनको अनुगमनमा सहयोग पुऱ्याउनु थियो । पूर्ण स्वतन्त्र आधारमा गठन भएको यस्तो निकायलाई सहयोग पुऱ्याउन अन्मिन सधैँ तत्पर छ ।

निर्वाचनको मिति तय भए सँगसँगै अन्तरिम सरकार, राजनीतिक दलहरू र नेपाली जनता अब तैयारीको नयाँ चरणमा प्रवेश गरेका छन् । संवादलाई आफ्ना भिन्न मतहरूको हिंसारहित छिनोफानो गर्ने माध्यम बनाउन सबै राजनीतिक दलहरू प्रतिबद्ध रहन, अन्तरिम सरकारले पेशेवार तवरमा कानुन लागु गरी सार्वजनिक सुरक्षाको प्रत्याभूति दिन, र राजनीतिक सहिष्णुताको वातावरणको प्रवर्द्धन गर्दै निर्वाचनको लागि अनुकूल वातावरण सिर्जना गर्न सबै राजनीतिक दलहरूले आ-आफ्ना प्रतिबद्धता पूरा गर्न अति आवश्यक छ । तैयारीको सफलताको लागि उचित मापदण्डसहितको एउटा ठोस कार्ययोजना र यी सबै मुद्दाहरूलाई संबोधन गर्ने व्यवहारिक समय-तालिका आवश्यक छ । यस ऐतिहासिक प्रक्रियामा अन्मिनले आफ्नो सहयोग जारी राख्नेछ

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal, Tel : + 977-1-5010036/37/38, Fax:+977-1-5010040